# आकाशवाणी खरसाङ, प्रादेशिक समाचार: नेपाली

मिति: १८ दिम्बर २०२४

समय: १८:५०- १९:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता ब्यनार्जीले आगामी १९ दिसम्बरको दिन  कोलकाताको पार्क स्ट्रिटमा क्रिसमस कार्निवलको उद्घाटन गर्नु हुनेछ l
- पश्चिम बंगाल सरकारले अवैध निर्माणमा रोक लगाउनका लागि सबै नगरपालिकामा आवास निर्माणको अनुमति दिन नयाँ समिति गठन गर्ने  भएको छ ।
- जीटीएका प्रमुख कार्यपाल अनित थापाले आज प्रेस क्लब अफ् खरसाङको कार्यालय उदघाटन गर्नु भएको छ ।
- नेपाली भाषाका लागि वर्ष २०२४ को साहित्य अकादमी पुरस्कार सिक्किम निवासी साहित्यकार युवा बराललाई उहाको  कथा संग्रह " छिचिमिरा" का लागि  प्रदान गर्ने घोषणा गरिएको छ l
- प्रोफेसर डा. तेजिमाला गुरुङ नाग दार्जीलिंग हिल युनिभरसिटीको उपकुलपतिको पदमा नियुक्त हुनु भएको छ l

**कोलकता- क्रिसमस कार्निवल**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यनार्जीले आगामी १९ दिसम्बरको दिन कोलकाताको पार्क स्ट्रिटमा क्रिसमस कार्निवलको उद्घाटन गर्नु हुनेछ l यो कर्निवल 30 दिसम्बरसम्म जारी रहने छ । कार्यक्रममा चर्चित गायक रेमो फर्नान्डिसले  गीत प्रस्तुत गर्नेछन् । राज्यका पर्यटन, सूचना तथा संस्कृति मन्त्री इन्द्रनिल सेनले सो जानकारी दिनु भएको छ । पार्क स्ट्रीट र एलेन पार्क क्रिसमसको समयमा बत्तीहरूले सजाइनेछ। २० दिसम्बरमा रेमो फर्नान्डिसका गीतहरू महोत्सवको मुख्य आकर्षण हुनेछन्। कार्यक्रममा एंग्लो-इन्डियन खाना र विभिन्न सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरिनेछ। यो कार्यक्रम 2011 मा मुख्यमन्त्री ममता बनर्जीको पहलमा सुरु भएको थियो भने यस पटक यसको 14 औं संस्करण मनाइँदैछ।

**बंगाल- अवैध निर्माण**

पश्चिम बंगाल सरकारले अवैध निर्माणमा  रोक लगाउनका लागि सबै नगरपालिकामा आवास निर्माणको अनुमति दिन नयाँ समिति गठन गर्ने  भएको छ । यो कदमले  अवैध निर्माणलाई रोक मात्र नलगाएर  राजस्वमा वृद्धि हुने  सम्भावना पनि रहेको छ । प्रदेश सरकारको यो निर्णयले ठुलो मात्रामा आवास निर्माण भइरहेका सबै नगरपालिकामा प्रत्यक्ष असर पर्ने बताईएको छ । तथापि अधिकांश निर्माणमा नियम पालना नाभेपछि मुख्यमन्त्री ममता बनर्जीले केही महिना अघि

अधिकारीहरूसँगको बैठकमा यस विषयमा असन्तुष्टि व्यक्त गर्नु भएको थियो । त्यसपछि निर्माण अनुमति प्रक्रियामा परिवर्तन ल्याउने प्रयास सुरु भएको थियो। नयाँ नियम अनुसार नगर पार्षदहरुको भूमिका सीमित गरिएको छ। हालसम्म नगरपालिकामा काउन्सिलर बोर्ड मार्फत आवास निर्माणको अनुमति दिइने गरेको थियो, जसमा पार्षदको भूमिका महत्वपूर्ण थियो । तर अहिले यो व्यवस्था खारेज भएको छ । त्यसको स्थानमा नगरपालिकाका पदाधिकारी र पदाधिकारी सम्मिलित नयाँ समिति बनाइनेछ ।

## प्रेस क्लब अफ् खरसाङ

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट आज प्रेस क्लब अफ् खरसाङको कार्यालय उदघाटन गरिएको छ। खरसाङको मोटर स्ट्याण्ड नजिक क्लर्क टावरको दोस्रो तलामा प्रेस क्लब अफ् खरसाङको नयाँ कार्यालय उदघाटन गरिएको छ। पण्डितले मन्त्रोच्चारण गरेपछि जीटीएका प्रमुख कार्यपाल अनित थापाद्वारा रिबन काटेर कार्यालयको उदघाटन गरियो। यस अवसरमा प्रेस क्लब अफ् खरसाङको सभापति एव वरिष्ट पत्रकार मुरारीलाल पञ्चम, उप सभापति राजेन तामाङले धुप दीप प्रज्ज्वलन गरी पूजा अर्चना गरेका थिए। अबोप्रांत सोही कार्यालयमा नै पत्रकार सम्मेलन आयोजना गरिने भएको छ। प्रेस उदघाटन कार्यक्रमलाई सम्बोधन गर्नु हुदै जीटीएका प्रमुख कार्यपाल अनित थापाले खरसाङमा सानो भए पनि पत्रकारहरुको कार्यालय उदघाटन गरिएकोमा खरसाङका पत्रकारहरुलाई शुभकामना दिनु भएको छ। उहाले सभ्य समाज निर्माणमा पत्रकारहरुको महत्वपूर्ण योगदान रहेको बताउनु भयो।

## साहित्य अकादमी

साहित्य अकादमी नयाँ दिल्लीमा यस वर्षको अकादमी पुरस्कारको घोषणा गरिएको छ । यो पुरष्कार देशको २१ वटा मान्यताप्राप्त भाषाका साहित्यकारहरुलाई प्रदान गरिने गरिन्छ । यसै क्रममा नेपाली भाषाका लागि वर्ष २०२४ को साहित्य अकादमी पुरस्कार सिक्किम निवासी साहित्यकार युवा बराललाई उहाको कथा संग्रह छिचिमिरा-का लागि प्रदान गर्ने घोषणा गरिएको छ।

## डीएचयु

प्रोफेसर डा. तेजिमाला गुरुङ नाग दार्जीलिंग हिल युनिभरसिटीको उप कुलपतिको पदमा नियुक्त हुनु भएको छ । एक समृद्ध शैक्षिक पृष्ठभुमि, शिक्षण र अनुसन्धानमा व्यापक अनुभवको साथमा डा. नागले विश्वविद्यालयमा महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ । भारत अनि उत्तरपूर्वी भारतको आधुनिक इतिहासका प्रख्यात विशेषज्ञ डा. नागले पीएचडी अनि एम.फिलका विद्यार्थीहरुको पर्यवेक्षण गरिसक्नु भएको छ भने प्रवास, डायस्पोरा अध्ययन अनि औपनिवेशिक आधुनिकता जस्ता विषयहरुमा धेरै शोधपत्र साथै पुस्तकहरु प्रकाशित पनि गरिसक्नु भएको छ ।

## गोजमुमो

गोर्खा जातिको छुटेका ११ जात गोष्ठीलाई केन्द्र सरकारले विलम्ब नगरी पुनः सूचीकृत गरिनु पर्ने गोर्खा जनमुक्ति मोर्चा सह सचिव अनिल लोप्चनले माग गर्नु भएको छ । उहाले आज कालेबुङमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुदै यसका लागि सांसद राजु बिष्टको हात बलियो बनाएर सबै सरोकार पक्षहरूले केन्द्रलाई दबाव दिनु पर्ने बताउनु भएको छ ।

**अरुण पोर्तेल**

पुष्पा हत्याकाण्डका आरोपी अरुण पोर्तेललाई बेलको निम्ति उच्च न्यायलयमा गरेको याचिका खारेज भएको छ। अधिवक्ता बिरेन्द्र रसाईलीले दिनु भएको जानकारी अनुसार गत 16 दिसम्बरको दिन नै उच्च न्यायलयमा सुनुवाइ रहेको थियो भने त्यसको अगावै अरुण पोर्तेललाई पक्राउ गरिसकेको कारण अग्रिम जमानत रद्द गरिएको छ। उच्च न्यायलयको यस आदेश अनुसार अग्रिम जमानतको सुनुवाइ नभई नै आरोपी अरुण पोर्तेललाई पक्राउ गरिसकेको आधिकारिक पुष्टि माननीय न्यायालयले गरेको छ।

**गिरी जयन्ति**

अगमसिंह गिरी साहित्य प्रतिष्ठान सौरेनी मिरिकले आगामी २७ दिसम्बरको दिन भव्यताको साथमा ९७ औ अगमसिंह गिरी जयन्ती पालन गर्ने जानकारी प्रतिष्ठानका अध्यक्ष मनोहर शर्मा अनि सचिव अजित वियोगीले दिएका छन् l उनीहरुले विहान ९ बजे सौरेनीको मोटर स्ट्यान्ड परिसरमा रहेको जातीय कवि अगमसिंह गिरीको शालिगमा श्रधन्जली अर्पण गरेपछि शोभा यात्रा निकालिने बताएका छन् l त्यसपछि दोस्रो चरणको कार्यक्रम सौरेनी सार्वजनिक भवनमा सम्पन्न हुने जानकारी गराएका छन्l कार्यक्रममा वार्ता, वहस, वाक पटुता प्रतियोगिता, पुस्तक विमोचन, सम्बर्धना साथै मारुनी नृत्य  अनि गीत संगीत प्रस्तुत हुने पनि बताएका छन् l

**अम्बेडकर पुरस्कार – मिरिक**

भारतीय दलित साहित्य अकादी नयाँ दिल्लीले यस वर्षको डाक्टर अम्मेडकर पुरस्कार दलितहरूको  हितमा आज पर्यान्त कार्य गरिरहेका मिरिक नगरपालिका वार्ड नम्बर तीन निवासी दलित संग्रामी उमेश तोलाङगीलाई प्रदान गरेपछि आज भारतीय नेपाली गोर्खा सार्की समाज मिरिकले समाजको निजी कार्यालयमा एउटा कार्यक्रम आयोजना गरेर सम्बर्द्धना जनाएको छ । स्मरण रहोस, उमेश तोलाङगीलाई गत ८ दिसम्बरको दिन नया दिल्लीमा एक भव्य कार्यक्रममाझ डाक्टर  अम्बेडकर पुरस्कार  प्रदान गरिएको  थियो । श्री तोलाङगीले यो पुरस्कारले जातिको हितमा अझ सक्रिय कार्य गर्ने उर्जा प्राप्त भएको  बताउनु भएको छ ।

**पीस क्रिसमस**

अल ख्रिस्टियन माइनोरटी अर्गनाइजेसन मिरिक महकुमा समितिको आयोजनामा आगमी 20 दिसम्बरको दिन मिरिक लेक साइट गार्डनमा पीस मिरिक क्रिसमस फेस्टिवल आयोजना गरिने भएको  छ। यसबारे जानकारी  गराँउदै अल ख्रिस्टियन माइनोरटी अर्गनाइजेसन  राज्य कमिटिका चेयरम्यान स्यामुयल वाग,मिरिक महकुमा समितिमा अध्यक्ष किरण घिमेरे, महासचिव अजय प्रधान, केन्द्रीय कमिटिका सल्लाहकार  मीका छेत्री,तराईका भाइस चेयरम्यान  फिलोमन कुजुर,केन्द्रीय भाइस प्रेसिडेन्ट रेभरेन  डी लेप्चाले कार्यक्रममा  सबैलाई सहभागी भइदिने आह्वान गरेका छन्  । उनीहरूले आपसी एकता, बन्धुत्व कायम गरेर प्रभु यशु ख्रीष्टको  सुसन्देश प्रवाह गर्न  कार्यक्रमको आयोजना गरिएको जसमा मिरिक महकुमाका सम्पूर्ण चर्जहरूको  सहभागिता रहने बताएका छन्।

## मौसम

पश्चिम बङ्गालको राजधानी कोलकातासहित अन्य जिल्लाहरूमा चिसो लगातार बढिरहेको छ। तर, आगामी २४ घण्टामा मौसम सामान्यतया सफा रहने मौसम विभागले जनाएको छ । मौसम विभाग अनुसार कोलकातामा बिहान आंशिकदेखि हल्का कुहिरो लाग्न सक्छ भने अधिकतम तापक्रम २६ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १६ डिग्री सेल्सियस रहने सम्भावना छ । यता उत्तर बङ्गालको दार्जीलिङ, कालेबुंग, जलपाईगडी र कुचबिहार जिल्लाहरूमा चिसोको प्रभाव जारी रहेको छ । यी क्षेत्रमा मानिसहरुले बिहान र बेलुका अधिक चिसो महसुस गरिरहेका छन्।

## स्वास्थ्य जाच शिविर

लिविङ्गस्टोन द पीसमेकरको आयोजना तथा मिलन गुरूङको पहलमा मगलबार अप्पर रेलिङ हेम शुभ खेलमैदान गुम्बाटारमा नि:शुल्क रूपमा स्वस्थ्य जाँच शिविरसँगै प्री क्रिसमस पालन गरिएको छ । शिविरमा कालेबुङबाट आएका डा. सुभाष सेतलिङले एक सय भन्दा अधिक रोगीहरूले आ-आफ्नो रोगहरू जाच गराए भने उनीहरूलाई नि:शुल्क रूपमा औषधि पनि वितरण गरियो ।

*********